नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि सूचना तथा प्रशिक्षण केन्द्र

किसान सूचीकरण सम्बन्धी बारम्बार सोधिने प्रश्नहरु (FAQs)

## किसानसँग सम्बन्धित प्रश्नहरु

**१. किसानको परिभाषा के हो ?**

→खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ बमोजिम **"किसान"** भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ।

**२. किसान सूचीकरण कार्यक्रम के हो ?**

→किसानको पहिचान गरी सरकारी तवरबाट तथ्यपरक योजना तथा कार्यक्रमको तर्जुमा गर्न र किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा संचालनमा ल्याइएको कार्यक्रम किसान सूचीकरण कार्यक्रम हो।

**३. किसान सूचीकरण प्रणाली भनेको के हो ?**

→किसानलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरुको वैयक्तिक तथा कृषि व्यवसाय सम्बन्धी विवरणहरु सङ्कलन गरी किसानको पहिचान तथा वर्गीकरण गर्ने एक विद्युतीय प्रणाली हो।

**४. किसान सूचीकरण हुन किन आवश्यक छ ?**

→किसानलाई किसान हुनुको पहिचान दिन र किसानले प्राप्त गरेका सेवा, सुविधा वा सहुलियत सम्बन्धी विवरण प्रविष्ट भई किसानको खातामा समेत अद्यावधिक गर्न किसान सूचीकरण आवश्यक छ ।

**५. किसान सूचीकृत कार्यक्रमबाट किसानले के सुविधा लिन सक्नेछन् ?**

→ किसान सूचीकरण प्रणाली मार्फत परिचयपत्र प्राप्त किसानलाई नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दोहोरो नपर्नेगरी कृषि उत्पादन, मल, बीउ, नश्ल, पूर्वाधार निर्माण, उपकरण जस्ता उत्पादन सामग्री वा बीमा प्रिमियममा सहुलियत, छुट, सुविधा तथा अनुदान उपलब्ध गराउन सक्नेछन्। साथै किसान परिचय पत्रलाई राष्ट्रिय परिचय पत्रसँग आवद्ध गरिने छ।

**६. किसान परिचयपत्र भन्नाले के बुझिन्छ ?**

→सफ्टवेयरमा आधारित किसान सूचीकरण प्रणाली मार्फत किसानको विवरण प्रमाणित गरे पश्चात् प्रदान गरिने परिचय पत्रलाई किसान परिचयपत्र (FID – Farmer’s Identity Card) भनिन्छ। यस परिचयपत्रको प्रमाणीकरण सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ।

**७. किसान सूचीकृत हुन कहाँ सम्पर्क गर्ने ?**

→आफ्नो कृषि पेशा सञ्चालन भएको गाउँपालिका/ नगरपालिका/ उप-महानगरपालिका/ महानगरपालिका वा वडा कार्यालयमा सम्पर्क गर्नु पर्दछ।



डा. राम नन्दन तिवारी
प्रमुख

## किसान सूचीकरण सम्बन्धी बारम्बार सोधिने प्रश्नहरु (FAQs)

**८. किसान सूचीकरणको लागि के के कागजात आवश्यक पर्दछ ?**

→नेपाली नागरिकताको प्रमाण पत्र तथा राष्ट्रिय परिचयपत्र (उपलब्ध भएमा), स्थायी बसोबासको प्रमाण वा कृषि कर्म गरेको प्रमाण, जमिनको स्वामित्वको प्रमाण वा करारमा कृषि कर्म गरेको भए सोको प्रमाण आवश्यक पर्दछ।

**९. किसानले सूचीकरण प्रणालीमा प्रविष्ट हुन चाहेमा के गर्नुपर्दछ ?**

→किसान सूचीकरण प्रणालीमा आवद्ध हुन चाहने किसानले सम्बन्धित वडा कार्यालयमा सो प्रणाली मार्फत आफ्नो विवरण प्रविष्ट गर्नु पर्दछ। एक भन्दा बढी स्थानीय तहमा कृषि कार्य गरेको किसानको हकमा निजले रोजेको कुनै एक स्थानीय तहको वडा कार्यालयमा विवरण प्रविष्ट गर्नु पर्दछ। किसानले आँफै पनि सूचीकरण प्रणाली मार्फत सूचीकरण हुन बैयक्तिक तथा कृषि कर्म सम्बन्धित विवरण भर्ने काम गर्न सक्नेछन्।

**१०. अरुको जग्गा भाडा/ लिज वा करारमा लिएर खेती गरेको किसान सूचीकरण प्रकृयामा कसरी समावेश हुन मिल्छ ?**

→अरुको जग्गा भाडा/ लिज वा करारमा लिएको भएमा कृषि कर्म गरेको प्रमाण सम्बन्धी विवरण पेश गरी सूचीकरण प्रकृयामा समावेश हुन सक्दछन्।

## स्थानीय तह/प्रदेश/संघ वा मातहत निकायमा कार्यरत कर्मचारीका प्रश्नहरु:

**१. किसान सूचीकरणका लागि तथ्याङ्क सङ्कलन गर्ने काम कसले गर्दछ ?**

→ किसान सूचीकरण तथा तथ्याङ्क सङ्कलन गर्ने काम स्थानीय तहबाट तालिम प्राप्त सहजकर्ता/ एक गाउँ एक प्राविधिक/ इन्टर्न वा स्थानीय तहमा कार्यरत कर्मचारीहरुले गर्नेछन्।

**२. किसान सूचीकरण तालिम कसरी प्राप्त गर्न सकिन्छ ?**

→ कृषि सूचना तथा प्रशिक्षण केन्द्रले प्रणाली सञ्चालको लागि आवश्यकता अनुसार प्रशिक्षक प्रशिक्षण तालिम (ToT) सञ्चालन गर्नेछ। कृषि सूचना तथा प्रशिक्षण केन्द्रका प्रशिक्षकहरुले प्रदेशस्तर र प्रदेश मातहत निकायका सम्पर्क व्यक्तिहरुको प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्नेछन् र जिल्लास्थित कृषि हेर्ने कार्यालयका प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त सम्पर्क व्यक्तिहरुले स्थानीय तहका सम्पर्क व्यक्तिहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्नेछन् । स्थानीय तहका प्रशिक्षक प्रशिक्षण प्राप्त सम्पर्क ब्यक्तिहरुले स्थानीय तहले छनौट गरेका सहजकर्ताहरुलाइ किसान सूचीकरण सूचना प्रणाली सञ्चालन तथा बिवरण सङ्कलन गर्न तालिम प्रदान गर्नेछन् ।

**३. किसान सूचीकरण कार्यमा संघ, प्रदेश र स्थानीय तहका कुन निकायको कस्तो भूमिका रहने छ ?**

→ किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ को अनुसूची-१ मा कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, कृषि सूचना तथा प्रशिक्षण केन्द्र, प्रदेशस्थित कृषि हेर्ने मन्त्रालय, जिल्लास्थित कृषि तथा पशुपन्छी हेर्ने निकाय र स्थानीय तहको भूमिका रहेको छ। सो वमोजिम नै संघ, प्रदेश र स्थानीय तहका निकायबाट किसान सूचीकरणमा आवश्यक कार्य तथा सहजिकरण हुनेछ।

**४. किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका कसरी प्राप्त गर्न सकिन्छ ?**

→ कृषि सूचना तथा प्रशिक्षण केन्द्रको वेबपेज (www.aitc.gov.np) बाट डाउनलोड गरि प्राप्त गर्न सकिन्छ।



डा. राम नन्दन तिवारी
प्रमुख

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि सूचना तथा प्रशिक्षण केन्द्र

## किसान सूचीकरण सम्बन्धी बारम्बार सोधिने प्रश्नहरु (FAQs)

**५. किसानको विवरण दर्ता भए पश्चात कसरी किसान परिचयपत्र जारी हुन्छ ?**

किसानको विवरण प्रविष्ट भए पश्चात कृषि / पशु सेवा शाखाले प्रमाणीकरणका लागि सम्बन्धित वडा समिति समक्ष पेश गर्नु पर्नेछ ।

↓

किसानको प्रविष्टित विवरणको सूची उपर दावी विरोधको लागि सम्बन्धित वडा समितिले पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

↓

उक्त सूचीमा कुनै दावी विरोध प्राप्त नभएमा वडा समितिले किसानको पहिचानको लागि प्राप्त विवरण सम्बन्धित स्थानीय तहको कार्यपालिकामा प्रणाली मार्फत सिफारिस गर्नु पर्नेछ।

↓

उजुरी पर्न गएका आवेदकको हकमा वडा समितिले स्थलगत अवलोकन तथा आवश्यक छानविन गरी निर्णय गर्नेछ।

↓

वडा समितिको निर्णयमा आवेदकलाई चित्त नबुझेमा सम्बन्धित स्थानीय तहमा पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

↓

चित्त नबुझेको सम्बन्धि निवेदन प्राप्त भएमा वा कार्यपालिकाले आवश्यक जाँचबुझ गरी सूची संशोधन आवश्यक देखिएमा सोको लागि वडा समितिलाई निर्देशन दिन सक्नेछ

↓

यसरी प्राप्त निर्देशन बमोजिम वडा समितिले स्थानीय तहको कार्यपालिकामा संशोधित विवरणको सिफारिस प्रणाली मार्फत पेश गर्नु पर्नेछ

↓

यसरी वडा समितिबाट सिफारिस भएको र वडा समितिबाट जाँचबुझ गरि पुनः सिफारिस भएको विवरणको जाँचबुझ गरी किसान परिचयपत्र पाउन योग्य किसानको पहिचान र वर्गीकरणको लागि कार्यपालिकाले केन्द्रमा सिफारिस सहित प्रणाली मार्फत पठाउनु पर्नेछ

↓

सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट सिफारिस साथ प्राप्त भएका विवरणका आधारमा केन्द्रले आवेदकलाई खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० को अनुसूची-५ बमोजिमको आधारमा किसानलाई पहिचान गरी प्रणाली मार्फत वर्गीकरण गर्नेछ ।

↓

वर्गीकरण गरिएको किसानलाई प्रणालीमा विवरण प्रविष्ट गरिएको स्थानीय तहले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० को अनुसूची-६ बमोजिमको ढाचाँमा प्रणाली मार्फत जारी हुने किसान परिचयपत्र कृषि/पशुपन्छी विकास शाखाको सिफारिसमा वितरण गर्नु पर्नेछ ।

↓

यसरी जारी हुने परिचयपत्रको प्रमाणीकरण सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।



डा. राम नन्दन तिवारी
प्रमुख

किसान सूचीकरण सम्बन्धी बारम्बार सोधिने प्रश्नहरु (FAQs)

**६. सहजकर्ताको कोड कसरी पाउन सकिन्छ?**

→ सहजकर्ताले farmer.moald.gov.np मा आफ्नो username तथा password टाइप गरी लगइन गर्नुपर्नेछ । ड्यासबोर्डमा सहजकर्ताको कोड देखिनेछ । यदि सहजकर्ताको कोड खालि देखिएमा छेउमा भएको Re-generate Code मा क्लिक गरी आफ्नो कोड प्राप्त गर्न सकिनेछ।

**७. सहजकर्ताले नयाँ किसानको विवरण प्रविष्टि गर्न के गर्नुपर्दछ?**

→ नयाँ किसानको विवरण प्रविष्टि गर्न सहजकर्ताले पहिले लगइन गरेर आफ्नो कोड कपि गर्नुपर्दछ । त्यसपछि सहजकर्ताले लगआउट गरी **"आइ.डी.नम्बर प्रविष्टि गर्नुहोस"** मा क्लिक गर्नुपर्दछ । उक्त स्थानमा सहजकर्ताले आफ्नो कोड पेस्ट गरी **"दर्ता गर्नुहोस"** मा क्लिक गर्नुपर्दछ । अब देखिने फाराममा किसानको विवरण भरी सेभ गर्नुपर्दछ।

**८. किसानको वैयक्तिक विवरण प्रविष्ट भइसकेपछि उक्त किसानको बाँकी विवरण भर्न के गर्नुपर्दछ?**

→ किसानको वैयक्तिक विवरण प्रविष्ट भइसकेपछि बाँकी विवरण भर्न उक्त किसानको विवरण भर्दा राखिएको युजरनेम तथा पासवर्ड टाइप गरी किसानको आइडी बाट लगइन गर्नु पर्दछ । त्यसपछि लिस्टमा राखिएका प्रश्नावलीमा प्रत्येक प्रश्नमा राखिएको विवरण भर्ने लिङ्कमा क्लिक गरी विवरण भर्दै सेभ गर्दै जानुपर्नेछ ।

**९. किसानको तथ्याङ्क कसरी परिमार्जन गर्न सकिन्छ?**

→ स्थानीय तहको आई.डि र पासवर्ड सूचीकरण प्रणालीमा Login गरेपछि मेनुमा रहेको **"वडा अनुसार स्वीकृति पर्खिदै"** मा क्लिक गरी किसानको विवरण परिमार्जन गर्न सकिन्छ । अथवा सम्बन्धित किसानको युजर नेम तथा पासवर्डबाट Login गरेर सम्बन्धित प्रश्नको **"सम्पादन गर्ने"** बटनमा क्लिक गरी किसानको विवरण परिमार्जन गर्न सकिनेछ।

**१०. प्रयोगकर्ताले password बिर्सिएमा कसरी पुन प्राप्त गर्न सकिनेछ?**

→ प्रयोगकर्ताले password बिर्सिएमा Login screen मा रहेको **Forgot Password** भन्ने बटन click गरी आफ्नो इमेल ठेगाना टाइप गरी पेश गर्नुपर्नेछ । उक्त इमेलमा प्राप्त लिङ्कबाट पासवर्ड रिसेट गर्न सकिनेछ ।

**११. प्रविष्ट भएको विवरणहरु बाट बालीवस्तुहरुको समूहगत तथा क्षेत्रगत प्रतिवेदन कसरी प्राप्त गर्ने ?**

→ Login गरिसकेपछि प्रयोगकर्तालाई प्राप्त अधिकार अनुसार ड्यासबोर्डको बाँया भागमा रहेको मेनुमा प्रतिवेदनको link देखिनेछ । उक्त मेनुमा रहेका प्रतिवेदनको लिङ्कमा क्लिक गरी विवरण प्राप्त गर्न सकिनेछ।



डा. राम नन्दन तिवारी
प्रमुख